# फाल्गुनन्द गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर

कोशी प्रदेश, नेपाल

सूचना नं.- ०२-२०८२/८३

**मौजुदा सूची दर्ता तथा अद्यावधिक सम्बन्धी सूचना ।**

(प्रकाशित मिति २०८२/०४/०५)

फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको लागि आ. व. २०८२/०८३ मा आवश्यक पर्ने तपसील वमोजिमको वस्तु तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी तथा सप्लायर्सहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ताको लागि निम्न बमोजिम कागजातहरु निवेदन साथ संलग्न गरी आफूले गर्न चाहेको कारोवारको व्यहोरा उल्लेख गरी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूचि २(क) बमोजिमको ढाँचामा प्रत्येक कामका लागि छुट्टा छुट्टै निवेदन फाल्गुनन्द गाउँपालिकाको आर्थिक ऐन, २०८२ अनुसूचि ९ को क्रम सं. १४ मा तोकिए बमोजिम लाग्ने दस्तुर रु. ५००।०० नेपाल इन्भेष्टमेन्ट मेगा वैंकमा रहेको खाता "ग-१.१ फाल्गुनन्द गाउँपालिका आन्तरिक राजश्व खाता (GA-1.1 FALGUNANDA GAUNPALIKA AANTARIK RAJASHOW KHATA) 06900140025108" मा जम्मा गरेको बैङ्क भौचर सहित यस कार्यालयमा उपस्थित भई वा कार्यालयको Email: ito.phalgunandamun@gmail.com मार्फत पठाई दर्ता गराउनु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै निवेदनको ढाँचा गाउँपालिकाको Website: www.phalgunandamun.gov.np मा गएर डाउनलोड गर्न सकिनेछ ।

<u>तपशिल:</u>

१. कार्यालय सामान, मसलन्द (स्टेशनरी) र विविध फुटकर सामग्रीहरु आपूर्ति सम्बन्धी कार्य, २. छपाई सम्बन्धी कार्य, ३. सवारी साधन, जेनेरेटर आपूर्ति तथा सोको मेसिनरी सामानको मर्मत र पार्टपुर्जा आपूर्ति सम्बन्धी कार्य, ४. काठ तथा स्टिलका फर्निचर तथा फर्निसिङ आपूर्ति, मर्मत कार्य, ५. सार्वजनिक निर्माण, रङरोगन तथा अन्य मर्मत सम्बन्धी कार्य, ६. कम्प्युटर, सफ्टवेयर, प्रिन्टर यु. पि. एस., फोटोकपी मेशीन र अन्य इलेक्ट्रोनिक सामानहरुको आपूर्ति, मर्मत तथा तिनका पार्टपुर्जाहरु सप्लाई, नेटवर्किङ तथा इन्टरनेट सेवा सम्बन्धी कार्य, ७. ढुवानी, कुरियर्स सेवा, ८. विज्ञापन सम्बन्धी कार्य, ९. खानेपानी आपूर्ति, १०. परामर्श सेवा तथा अन्य सेवा, ११. पत्रपत्रिका आपूर्ति आदी, १२. होडिङ बोर्ड, फ्लेक्स प्रिन्ट/बोर्ड भित्ते लेखन कार्य, १३. औषधी र मेडिकल जन्य सामग्री उपकरणहरुको आपूर्ति, १४. कृषि औजार, पशु सम्बन्धी औषधी, बिउ विजन, मल किटनासक औषधी, बाख्रा फर्म, सुँगुर फर्म, कुखुरा फर्म, सम्बन्धी कार्यहरु १५. एफ.एम. रेडियो र टेलिभिजनबाट सूचना तथा सन्देश प्रशारण गर्ने कार्य, १६. हार्डवेयर (निर्माण सामग्रीहरु र सिचाईंका सामग्री) आपूर्ति सम्बन्धी कार्य, १७. खाना तथा आवास सहितको होटल, खाना तथा खाजा खुवाउने क्यान्टिन, १८. उद्यमशीलता तथा सीपमूलक तालिम (हाउस वायरिङ्ग, मोवाइल तथा फोन मर्मत, सिलाई, बुनाई र बुटिक) सम्बन्धी कार्य गर्ने, १९. शिक्षा, पोषण तथा स्वास्थ्य, कृषि तथा रोजगारी सिर्जना, जीविकोपार्जन लगायतका विभिन्न किसिमका तालिम संचालन गर्ने, २०. लगायत अन्य कार्यालयलाई आवश्यक पर्ने सम्पूर्ण सेवा उपलब्ध गराउने ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. फर्म वा कम्पनी दर्ता भएको प्रमाणपत्रको छाँया प्रति (नविकरण भएको)
२. व्यवसाय दर्ता भएको प्रमाणपत्रको छाँया प्रति (नविकरण भएको)
३. स्थायी लेखा नम्बर र मु. अ. कर दर्ता प्रमाणपत्रको छायाँ प्रति र आ. व. २०८०/०८१ वा ०८१/०८२ को करचुक्ता प्रमाण पत्रको छाँया प्रति ।

नोट:

१. रित पुगेका निवेदन मात्र दर्ता हुनेछन् र सन्तोषजनक कार्य नगर्ने फर्महरुलाई बिना सूचना सूचीबाट हटाउन सकिनेछ ।
२. विगत आर्थिक वर्षहरुमा कार्यालयलाई कुनै जानकारी समेत नगराई कार्यालयको सूचना लगायत सन्देशमूलक सूचना प्रशारण गरेको भनी भुक्तानीको लागि आउने गरेको हुँदा कार्यालयसँग समन्वय र कार्यालयमा मौजुदा सूचीमा सुचिकृत नभएको कुनै पनि विषयमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जनकारीको लागि अनुरोध छ ।

(प्रमुख प्रशासकीय अधिकृत)

देवी ... प्रमुख प्रशासकीय अधिकृत